## खजुरा गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को बार्षिक नीति तथा कार्यक्रम

यस खजुरा गाउँपालिकाको सातौं गाउँसभामा उपस्थित सम्पुर्ण गाउँसभाका सदस्यज्यूहरु,
हार्दिक अभिवादन ।

यस गरिमामय गाउँसभाको सातौं अधिवेशनमा स्थानिय सरकारको प्रमुखको हैसियतले आ.व. २०७७।७८ को नीति तथा कार्यक्रम तयारी गरिरहँदा कोरना भाइरस कोभिड-१९ ले विश्वलाई चुनौति दिइरहेको छ यस कोभिड-१९ को लडाईमा हामी सम्पूर्ण खजुराबासी एक जुट भएर यसका विरुद्ध गर्दै आएको कार्यक्रम सफलता प्राप्त गर्नपाउँदा मलाई गौरव अनुभूति भएको छ । म अत्यन्त हर्षित छु कि हामी हाम्रो स्थानीय तहमा कोभिड-१९ लाई परास्त गर्दै हाम्रा जनताहरुलाई कोभिड-१९ बाट बचाउँदै स्थानिय निर्वाचनको समयमा स्थानीय जनताहरुसंग गरेको बाचा समेत पुरा गर्दै आइरहेका छौं । हामीहरु यहाँहरुको साथमा रही यहाँहरुबाट मार्ग निर्देशित कार्यहरु अगाडि बढाउदै लगेका छौं ।

यस गौरवपूर्ण क्षणमा म संघीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनीतिक आन्दोलनमा राष्ट्र र जनताको हितका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने यसै गाउँपालिकाकी शहिद सेतु विक सहित सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति उच्चसम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । नेपाली समाज रुपान्तरणमा अग्रज राजनैतिक यौद्धाहरुले गर्नु भएको कार्यको उच्च मुल्यांकन र सम्झना गर्दछु ।

कोरना भाइरस विरुद्धको लडाईमा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, कर्मचारी, पत्रकार, विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले दिनु भएको अमूल्य समयको मूल्याँकन राख्दछु र यसै विरुद्धको लडाईमा आफुलाई कोरना भाइरस कोभिड-१९ संक्रमणबाट गुज्रीरहनु भएका व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै यहाँहरुले गर्नु भएको कार्य प्रति गाउँपालिका उच्च मुल्याँकन गर्दछ । कोभिड-१९ लाई परास्त गर्ने कार्यमा काम गर्दा गर्दै आफ्नो ज्यान गुमाउनु भएका स्वदेश र विदेशमा रहने नेपालीहरु प्रति भावपुर्ण हार्दिक श्रदान्जली व्यक्त गर्दछु ।

भौगोलिक विविधता फरक भएको यो देशमा खजुरा गाउँपालिकाले आफ्नो छुट्टै इतिहास कायम गरेको छ हाम्रा खजुरेली जनताहरुले खजुरालाई सफल स्थानीय तह बनाउन हाम्रा जनप्रतिनिधिहरु संग मिलेर कार्य गर्दै आउनु भएको छ । यहाँहरु हाम्रा शुभचिन्तकहरु हुनुहुन्छ । हामीहरुलाई मित्रवत व्यहारबाट प्रत्यक्ष सुझाव दिएर होस् वा सामाजिक सञ्जालको माध्यमबाट आफ्ना अभिव्यक्तिहरु प्रकट गरेर होस् यि दुवै सुझावलाई हामीले गहनरुपमा लिई आफ्ना कार्यहरु अझ मजवुत बनाउदै यहाँहरु सामु आफ्ना कार्यहरु पस्कदै आएका छौं ।

हामी हाम्रो खजुराको जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतालाई आत्मसात गरी सामाजिक एंव सांस्कृतिक समानता र सहिष्णुतामा आधारित सदभावको बाटोबाट एकता मजबुत बनाउदै खजुराको विकास गर्ने नीतिबाट परिचालित छौं ।

नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित धारा ५७ को उपधारा ४, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा २ र धारा २२६ को उपधारा १ संग सम्बन्धित स्थानीय तहको २२ वटा

अधिकार सूची र अनुसूची ९ बमोजिमको साझा अधिकार सूचीलाई आत्मसाथ गर्दै गाउँपालिकाको कामलाई सुचारु गरिएको छ । हामी जनप्रतिनिधिहरु सकारात्मक सोच र तत्परताका साथ प्राप्त स्रोत र साधनलाई अधिकतम उपयोग गर्न दृढ संकल्पित छौं । विगत र चालु आ.व.मा हामीले तय गरेका नीति तथा कार्यक्रम र सो अनुसारको विनियोजित बजेटबाट सम्पन्न भएका योजना तथा कार्यक्रमहरुले खजुरा गाउँपालिकाको विकास निमार्णको झलक प्रस्तुत भएको छ ।

चालु आ.व.मा हासिल गरिएका महत्वपूर्ण उपलब्धिको सन्दर्भमा संक्षिप्त समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. भौतिक पूर्वाधार अर्न्तगत वडा नं. ५ देखि ८ सम्ममा १६ कि.मि.सडक कालो पत्रे गर्ने कार्य र अन्य वडाहरुमा करिव ३ कि.मि. सडक कालोपत्रे निर्माणाधिन रहेको छ ।
२. चालु आ.व.मा करिब ४० कि.मि. बाटो निर्माण कम्पनी र उपभोक्ता समितिबाट ग्रावेल गरि बाटो स्तरउन्नती गरिएको छ ।
३. वडा नं.३ मा बहुउद्देयश्यि सभा हल निर्माणाधिन रहेको छ ।
४. वडा नं. ५शीतभण्डारको कार्य निर्माणाधिन रहेको छ ।
५. नमुना विद्यालय र विद्यालयहरुको भौतिक संरचना (भवन/शौचालय) निर्माणाधिन छन् ।
६. वडा नं.२ स्थित सितापुरमा खेलकुद ग्राम निर्माणाधिन रहेको छ । नेपाल सरकारले यसै वर्ष खजुराको सितापुरमा रहेको शुक्र भलिवल स्टेडियमलाई गाउँपालिका स्तरीय खेलकुद ग्राम घोषणा गरि बजेट समेत उपलव्ध गराएको छ ।
७. वडा नं.४ र ६ मा आधारभुत स्वास्थ्य चौकी भवन निर्माण कार्य अन्तिम चरणमा रहेको र यि दुवै वडाहरुबाट आधारभुत स्वास्थ्य चौकी स्थापना गर्ने एंव संचालन पनि भैरहेको छ ।
८. खजुरा गाउँपालिका वडा नं.६ मा औद्योगिक ग्राम घोषणा भई निर्माण कार्य अगाडि बढाइएको छ ।
९. विभिन्न वडाहरुमा खानेपानी सम्बन्धी कार्यहरु अगाडि बढाइएको छ ।
१०. आवास विहिन नागरिकहरुलाई आवास सुविधाका लागि सामूहिक आवास निर्माण भइरहेको छ ।
११. वालवालिकालाई मनोरञ्जन उपलव्ध गराउने उद्देश्य साथ चिल्ड्रेन पार्कहरु निर्माण कार्य अगाडि बढाइएको छ ।
१२. शिक्षाको क्षेत्रलाई शैक्षिक हव बनाउने उद्देश्य लिई गाउँ कार्यपालिकाको निर्णयले खजुरा वडा नं.८मा प्रदेश स्तरीय विश्वविद्यालय बनाउने माँग गरेका थियौ प्रदेश सरकारबाट हामीले राखेको मागँ प्रदेश सरकारको आ.व. ०७७१०७८ को बजेट बक्तव्यबाट सम्बोधन भएको छ ।
१३. गाउँपालिका पूर्ण साक्षर गाउँपालिका घोषणा गरिएको छ ।
१४. दोश्रो खजुरा शैक्षिक महोत्सव सम्पन्न गरि सकिएको छ ।
१५. यस गाउँपालिकामा स्थायी बसोबास भई देश विदेशमा रहनु भएका विद्धानहरुलाई बोलाई उहाँहरुको बौद्धिकता प्रयोग गर्ने उद्देश्यका साथ हामीले वृहत्त खजुरा सम्मेलन सफलताका साथ सम्पन्न गरेका छौं ।
१६. दोश्रो मेयर कप खेल सम्पन्न गरि सकिएको छ । खजुरा गाउँपालिका भित्र ४ वटा विधामा आठौ राष्ट्रिय खेलकुद प्रतियोगिता सफलताका साथ सम्पन्न गरि सकिएको छ ।
१७. एक पालिका एक खेल मैदान अर्न्तगत वडा नं.४ मा आधुनिक फुटवल रंगशाला निर्माणका लागि प्याराफिटवाल बनाउने कार्य सम्पन्न भएको छ ।
१८. आठ वटै वडाहरुमा निशुल्क जेष्ठ नागरिक स्वास्थ्य शिविर संचालन गरि सकिएको छ ।
१९. सम्पत्ती कर सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरि हरेक वडा कार्यालयमा समेत सम्पत्ति कर सम्बन्धी जनचेतना मुखी कार्यक्रम सम्पन्न गरि यसै चालु आ.व.मा अनलाइनमा आधारीत सम्पत्तिकर सफ्टवेयर लागु गरि कार्यान्वयनमा ल्याइएको छ ।

२०. अनलाइनमा आधारित घटना दर्ता र सामाजिक सुरक्षा कोषको अभिलेख व्यवस्थित गरिएको छ ।
२१. हरेक वडा कार्यालयबाट अनलाइन सेवा संचालन गरिएको छ हरेक वडा कार्यालयहरुमा इन्टरनेटको पुहच गरिएको छ । चाडै हामी गाउँपालिकाभित्रमा अप्टिकल फाइवर सेवा उपलब्ध गराउन नेपाल टेलिकम संग पत्राचार गरेका छौ चाडै यस कार्यले तिव्रता लिनेछ ।
२२. घुम्ती सेवा संचालन गरि हरेक वडा कार्यालयबाट अपाङ्ग परिचय पत्र वितरण गरिएको छ भने गाउँ पालिकाबाट महिनाको ५ गते नियमित अपाङ्ग परिचय पत्र वितरण कार्य गर्दै आएको छ ।
२३. जेष्ठ नागरिक परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइएको छ ।
२४. न्यायिक सेवा अन्तर्गत मेलमिलापकर्ताहरुको तालिम दिई वडा स्तरिय मेलमिलाप केन्द्र गठन गरि सकिएको छ ।
२५. Village Profile, Master Plan, र सडक गुरुयोजना जस्ता कार्य सम्पन्न गरि सकिएको छ । अव देखि यिनै गुरुयोजनाहरुमा टेकेर कार्ययोजनाहरु तयार पारिने छ ।
२६. गाउँ पालिकाको केन्द्र रहने स्थानको छनौट भई विस्तृत गुरुयोजना बनाउने कार्य सम्पन्न भई सकेको आ.व. ०७६।०७७ देखि प्रशासनिक भवन बनाउने प्रक्रिया अगाडि बढाउनका लागि संघिय सरकारबाट हुनु पर्ने निर्णय हुन नसकेका कारण भवन निर्माण प्रक्रिया अगाडि बढ्न सकेन र यस चालु आ.व.मा प्रशासनिक भवन निर्माण प्रक्रिया अगाडि बढाइने छ ।
२७. हाल सम्म आवश्यक भएका ऐन, नियम कार्यविधि तयार गरि राजपत्रमा प्रकाशन गरि सकिएको छ र गाउँपालिकाको वेभसाईड ,फेसबुक पेज मोवाइल एप र ट्वीटर मार्फत गाउँपालिकाको महत्पुर्ण सूचनाहरु प्रकाशनमा ल्याईएको छ ।
२८. गाउँपालिकामा आएका सेवाग्राही लगायत सबै नागरिकहरुलाई गाउँपालिकाका कार्यहरुबाट सुसुचित गर्न डिजिटल सूचना पाटी राखिएको छ ।
२९. सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
३०. सार्वजनिक सेवा प्रणालिलाई डिजिटलाईज्ड गर्दै लगिएको छ ।
३१. चालु आ.व.मा जेष्ठनागरिकहरुका लागि वडा नं.३ मा खुसियाली घर(HAPPY HOME) को कार्य पुरा हुन गइरहेको छ जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक दैनिक भेला भई भलाकुसारी गर्ने खुसियाली घर हरेक वडामा स्थापना गरिदै लगिने छ ।
३२. रोजगारी र प्लाष्टिक मुक्त अभियानलाई जोडेर गाउँपालिकाले हाते व्याग उत्पादन गर्ने गरि महिला रोजगारमुखी योजना अगाडि सारिएको छ आगामी आ.व.मा यस कार्यलाई प्राथमिक्तामा राखि कार्य गरिने छ ।
३३. कोही भोकै र सडकमा जिवन गुर्जान नपरोस भन्ने उद्देश्यका साथ हाल भई रहेको सडक मानवलाई निल सागर आश्रम र नेपाल प्रहरीको सहयोगमा हामीले सडक मानव मुक्त गाउँपालिका घोषणा गर्ने कार्य गरेको छौ ।
३४. ग्रिनसिटीको (हरितशहर) मोडालिटी अध्ययनका लागि चिनको यूसी सीटीमा यस गाउँपालिकाका प्रमुख श्री किस्मत कुमार कक्षपतिको नेतृत्वमा चार सदस्य विज्ञ टोली, यूएन को प्रतिनिधि नेपाल चिन मैत्री संघको प्रतिनिधिले चिनको कृषि विभाग प्रमुख, कृषि विशेषज्ञ, युसी सिटीको मियूनिसिपिलिटी प्रमुख लगायत सरोकारवाला संग अन्तकृया/भेटघाट र प्रत्यक्ष अनुगमन कार्य सम्पन्न भएको छ ।
३५. ग्रिनसिटीको मोडालिटी अध्ययन पश्चात चिन र नेपालको दुवै राष्ट्र विच मोडालिटी तय गर्ने कार्य अगाडि बढदै जाँदा विश्वमा फैलिएको कोरना भाइरसका कारण उक्त कार्य हाल स्थगित भएको र चाँडै दुवै राष्ट्र विच मोडालिटी तय गरिने छ ।
३६. जनता नुमना मा.वि.सन्तकुटी स्थित कृषि तथा वनविज्ञान अध्ययन संस्थानद्धारा प्राकृति श्रोत व्यवस्थापन कजेज (हाल वि.एस्सी.एजी.) उद्घाटन भै संचालन भएको छ ।
३७. कृषि कार्यमा लाग्ने किसानलाई मागमा आधारित कार्यक्रम, सिंचाई कार्यक्रम, हाते औजार मल्चिङ्ग पेपर, स्प्रे ट्यांकी, क्यारेट जस्ता आवश्यक सामाग्री वितरण गरिएको छ ।

३८. खजुरालाई मासुमा पनि आत्मनिर्भर हुनका लागि ८ वटै वडाहरुमा समुहगत बाख्रा वितरण गर्ने कार्य गरिएको छ ।
३९. प्रदेश सरकारद्धारा खजुरा गा.पा. वडा नं.५ धनौली देखि क गाउँ हुदै नेपालगञ्ज गौघाट परसपुर सडकसम्मको स्तरउन्नती बाटो निर्माण कार्य आरम्भ भएको छ ।
४०. प्रदेश सरकारद्धारा हाल ई गाउँ देखि पूर्व पश्चिम राजमार्ग सम्मको सडक स्तरउन्नती गर्ने कार्य आरम्भ भएको छ ।
४१. प्रदेश सरकारद्धारा गौघाट देखि सिमलघारी ने.ग.गुलरिया सडक खण्ड सम्मको सडक स्तरउन्नती गर्ने कार्य आरम्भ भएको छ ।

बाँके जिल्लाको अत्यन्त सुगम गाउँपालिका जो प्राकृतिक श्रोतले पछि परेको यस गाउँपालिकामा कृषि, पशुपन्छी पालन, तरकारी खेती ,खाद्यान्न वाली, फलफूल खेतीको क्षेत्रमा पुर्ण व्यवसायिकिकरण र विविधिकरणको माध्यमबाट हरेक वडालाई कृषि र पशुपन्छीमा एक वडा एक पकेट क्षेत्र घोषणा गरि बजेटमानै पकेट विकास कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ यसलाई अझ प्रभावकारीरुपमा आ.व. ०७७।०७८ को बजेटमा कार्यान्वय गरिने निति लिइने छ । कृषिमा आत्मनिर्भर गर्न विदेशबाट फर्कि स्वेदशमै केही गरौं भन्ने जोस जाँगर भएका युवाहरुलाई विदेश पलायन हुनबाट रोकेर कृषिमा आवद्ध हुन युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषि क्षेत्रमा समुचित, व्यवस्थित र वैज्ञानिक लगानीद्धारा वास्तविक र मेहनती किसानहरुको कर्मयोगी हातहरुसंग हातेमालो गर्न सहकारीको माध्यमबाट किसानलाई गोलवद्धरुपमा राखि विउँ उत्पादन प्रशोधन लगायतका कार्य गर्ने गरि आ.व. ०७५।०७६ कै योजनामा समावेश गरि सहकारी सञ्चालन र खजुरा सहकारी संस्था मार्फत विउ खरिद, उत्पादन र प्रशोधन गर्ने कार्यको थालनी गरिसकेका छौ । भने यसलाई अझ प्रभावकारीरुपमा विउँ बैंकको रुपमा स्थापना गरिने छ ।

हरेक वडा र गाउँलाई व्यवसायिक कृषि फार्मको विकासमा जोड दिइने छ । विदेश पलायन भएका युवाहरुलाई कृषिमा आकर्षण र रोजगारी सिर्जना गर्न युवा स्व-रोजगार कार्यक्रम लागु गरिने भएकाले युवा स्वरोजगार कार्यक्रममा जोड दिन बजेटको व्यवस्था मिलाइने छ । युवाहरुलाई दिइने रोजगारीबाट गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर गराइने छ ।

दुध, मासु र अण्डाको उत्पादनमा खजुरालाई आत्मनिर्भर बनाई नजिकको बजारमा समेत आपूर्ति गर्न पशुपन्छी विकास कार्यक्रममा जोड दिइने छ । किसानहरुका लागि निशुल्क नश्ल सुधार कार्यक्रम लागु गरिने व्यवसायिक बाखा, गाई, भैसी, कुखुरा पालन गर्ने किसानलाई प्राविधिक लगायतका अन्य सुविधाहरु उपलव्ध गराइने छ भने आफुले पाली आएका पशुबस्तुहरु छाडा छाड्ने व्यक्तिहरुलाई कानुन निर्माण गरि कार्यवाही गरिने निति समावेश गरिने छ ।

शिक्षा क्षेत्रमा आमुल परिवर्तन गर्न यथोचित बजेट व्यवस्थापन गरि यसै निशुल्क र आधारभुत अनिवार्य शिक्षा गाउँपालिका कायम गर्ने, शिक्षाको गुणस्तरमा सुधार गर्दै लैजाने प्रविधि मैत्री शिक्षाका लागि अनलाइन, रेडियो,टिलिभिजन,इन्टरनेट कक्षा संचालन गरिने र प्राविधिक शिक्षा उपलव्ध गराउने र हरेक वालवालिकाहरु शिक्षाबाट बञ्चित नहुन भन्नाका लागि विशेष शिक्षा कार्यक्रम संचालन गरिने निति लिइने छ ।

स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित र सेवाग्राहीमुखी बनाउन विशेष पहल गरिने छ । यसका लागि हामी निर्वाचित भई आए पछि खजुरा प्राथमिक स्वास्थ्य केन्द्र १५ सैयाको अस्पतालमा परिणत गरिएको छ । १५ सैयाको अस्पतालको भवन निर्माणका लागि कोभिड-१९ संक्रमण पछि कार्य अगाडि बढाउन पहल हुनेछ । खजुरा स्थित शुसिल कोइराला क्यान्सर अस्पतालाई प्रदेश स्तरीय अस्थाई कोरना अस्पताल संचालन गरि सेवा उपलव्ध गराइएको छ र जनक शिक्षा सामाग्री केन्द्रको छापाखाना भवनमा ४० शैयाको पालिकास्तरीय कोरना भाइरस कोभिड-१९ उपचारका लागी आइशोलेशन केन्द्र स्थापना गरि संचालनमा ल्याउने तयारी हुदैछ । स्वास्थ्य सेवामा जनताको घरदैलो अभियान अन्तर्गत हामीले हरेक वडाबाट निशुल्क जेष्ठ नागरिक

स्वास्थ्य सेवा पुर्‍याएका छौ भने प्रदेश सरकारको समेत सहभागितामा ८४ वर्ष पुरा गरेका जेष्ठ नागरिकहरुलाई घरदैलोमा नै स्वास्थ्यकर्मी पुऱ्याई स्वास्थ्य जांच गर्ने र निशुल्क औषधी उपचार गर्ने स्वास्थ्य निति लिइएका छौ । कोरना भाइरस कोभिड-१९ संक्रमण हुँन नदिन कन्ट्रयाक्ट ट्रेसिंगको आधारमा पालिकास्तरमा पि.सि.आर. र आर.डि.टि. परिक्षणमा जोड दिइने छ ।

रकमको अभावमा खजुराकाकुनै पनि नागरिक स्वास्थ्य सेवा लिनबाट बञ्चित हुन नपरोस भन्नका लागि यस खजुरा गाउँपालिकामा हरेक घर परिवारलाई अनिवार्य स्वास्थ्य विमा गराउने र स्वास्थ्य विमाको सुविधा लिन नसक्ने अति विपन्न परिवारहरुलाई गाउँपालिकाबाटै स्वास्थ्य विमा गरिदिने व्यवस्थाका लागि बजेटमा आवश्यक व्यवस्था मिलाईने छ ।

आजका युवा भोलीका कर्णधार हुन उनीहरुलाई कुलतबाट जोगाई सुन्दर संसार निर्माणमा हातेमालो गर्दै युवाहरुलाई जिम्मेवार नागरिकको बोध दिलाउन विभिन्न स्थानिय, क्षेत्रीय तथा राष्ट्रिय खेलकुदमा सहभागि गराउने, बालक्लव, बालक्लब सञ्जाल गठन गरि सो मार्फत जागरुक र असल नागरिक निर्माण गर्न विशेष कार्यक्रमहरु संचालन गर्न युवा निति बनाई अवलम्बन गरिने छ । युवा तथा खेलकुद कार्यक्रम संचालनका लागि आवश्यक बजेटको व्यवस्था, खजुरालाई बाल मैत्री घोषणा गर्नका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

हाम्रा अग्रज बृद्ध बुवा आमाहरुले यस संसारलाई चिनाउने र यस धरतीमा हाल सम्म उहाँहरुले गर्नु भएको योगदानको पूर्ण कदर गर्दै जेष्ठ नागरिकहरुलाई सम्मान गरिने , हालको परिस्थितिमा एक्लै जीवन निर्वाह गरि दैनिक जीवन कष्टकर बन्दै गएको परिप्रेक्ष्यलाई मध्य नजर गर्दै आफ्ना सर्कलका व्यक्तिहरुसंग भेटघाट भलाकुसारी गर्ने थलोको रुपमा  हरेक वडामा जेष्ठ नागरिकहरुका लागि खुशीयाली घर तथा दिवा सेवा केन्द्र आ.व.मा कम्तीमा १ वडामा १ (एक) रहने गरि क्रमिक रुमा अन्य वडाहरुमा  स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ ।

नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी तथा सरसफाई, व्यवस्थित ढल निकास, नाली सहितको व्यवस्थित सडक निमार्ण, दिर्घकालिन डम्पिङ् साईडको व्यवस्था गर्ने तर्फ हाम्रो नीति तथा कार्यक्रम केन्द्रित हुनेछ । संस्थागत विकास, व्यवस्थित वस्ती विकास , सहकारी संस्थाहरुको सुम्चित क्षमता अभिवृदि गरी विकासका कार्यहरुमा सहकार्य गर्दै जानका लागि हाम्रो गम्भिर चासो र ध्यानाकर्षण भएको छ । यस चालु आ.व.मा हामीले वास योजना कार्य अगाडि बढाएका छौ गाउँपालिकास्तरीय वास योजनाको पूर्ण पाठ प्राप्त पश्चात गाउँपालिकाका हरेक घरमा स्वच्छ खानेपानीको व्यवस्था मिलाइने छ ।

खजुरा गाउँपालिकाको समुन्नतिका लागि UNOSSC द्वारा कार्यक्रमका लागि विस्तृत अध्ययन सम्पन्न भई सकेको छ र हाम्रो गाउँपालिकालाई (हरित शहर) Green City बनाउने योजनाको प्रस्ताव अधि बढी सकेको छ र यो परियोजना सन् २०२० बाटै संचालनमा ल्याउने तयारी भई रहेका बेला चिन हुँदै विश्वमा फैलिएको कोरना भाइरसका कारण कार्यान्वयनमा ल्याउन बाधा पुगेको छ । आशा गरौ हामी यस परियोजनालाई चाँडै संचालन ल्याउने छौ ।

यस आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका आधारहरु नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु, स्थानीय तहमा वजेट तर्जुमा दिग्दर्शन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, संघीय, प्रादेशिक योजना, स्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि रहेको छ ।

यसैगरी गाउँपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिईएको छ ।

क.आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख.उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
घ. स्थानीय सहभागिता जुट्ने,स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
ङ. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
च. महिला बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
छ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
ज. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
झ. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।
ञ. उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानी गर्न सकिने ,
ट. स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ,

हामी संघीयता अनुरुपको स्थानीय सरकारको नयाँ संरचना र र यसको उपयोगीता र आवस्यक्तामा अध्ययनरत छौं । संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको वर्तमान अवस्थामा प्राप्त अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्ने गरी तथा निर्वाचनको बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमिक रुपमा कार्यान्वयन गर्दै जाने गाउँपालिकाको नीति, कार्यक्रम तथा निर्माण गर्नुपर्ने बृहत दायित्व र जिम्मेवारीलाई हृदयगमन गर्दै आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

खजुरा गाउँपालिकालाई नमूना, सुविधायुक्त, व्यवस्थित र दृढताका साथ संवृद्ध खजुराको सोचलाई अगाडि बढाउनका लागि पहिलो वर्ष हामीले आधार वर्षको रुपमा आधारभूत कार्यहरु मात्रै अगाडि बढाएका थियौं । सो पश्चातका आर्थिक वर्षलाई जनताको जीवनस्तर उठाउने र कृषिमा रोजगारी श्रृजना गर्ने हाम्रो दृढ लक्ष्य बनाएका छौ । खजुराको समुन्नतिको मूल आधार यहाँको उच्च सीपयुक्त मानव संसाधनको विकास हो । यस वर्षको नीति, कार्यक्रम र बजेटको लक्ष्य, उद्देश्य निम्न अनुसार रहेको छ ।

- नागरिकको जीवन स्तरमा परिवर्तन गर्न उत्पादन सहयोगी भौतिक पूर्वाधारहरुको विकास गर्ने ।
- कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व बढाउँदै बहुआयामिक कृषि क्षेत्र विकासको नीति लिने ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुने गरि स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।
- समावेशी र सन्तुलित विकास प्रवर्द्धन गर्ने ।
- आधारभूत शिक्षालाई थप सुदृढ र गुणस्तरीय बनाउने ।
- वातावरण संरक्षण र विपद् व्यवस्थापनका लागि पूर्वतयारी र विपदको न्यूनिकरण गर्नुका साथै हाल भएको कोरना भाइरस कोभिड-१९ बाट रोकथाम र संरक्षण गर्ने ।
- पर्यटनको क्षेत्रको विकासका लागि अध्ययन गर्ने र पर्यटन प्रवर्धन गर्ने ।
- चुस्त दुरुस्त शुशासनको प्रत्याभूति दिनका लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई नागरिकहरुप्रति उत्तरदायि र जवाफदेहिता बनाउने ।
- आर्थिक अनियमितता हुन नदिने र पारदर्शिता अपनाउने ।

स्वच्छ खानेपानी, ठूला र फराकिला सडक, व्यवस्थित ढल निकास, पार्क, मनोरन्जन स्थल, व्यवस्थित कृषि हाट वजार, सार्वजनिक तथा व्यक्तिगत शौचालय, सुविधा सम्पन्न अस्पताल, व्यावसायिक केन्द्र तथा सपिङ्ग मल, हरियाली बातावरण, निश्चित खुल्ला क्षेत्र, व्यवस्थित आवासीय र प्रशासनिक क्षेत्र तथा कार्यालय, औद्योगिक क्षेत्र, यातायातको सहज पहुँच, खण्डिकृत तत्थ्याङ्क सहितको एकिकृत डाटावेश, पारदर्शी प्रशासन, सेवाग्राहीमैत्री संगठन तथा व्यवस्थापन ढाँचा निर्माण, नविकरणीय उर्जाको प्रयोग, बातावरण मैत्री शासन, ज्येष्ठ नागरिक, महिला, दलित, मधेसी, एकल महिला, बालबालिका तथा अपाङ्गमैत्री संरचना निर्माण, काममा चुस्त, दूरुस्त र गुणस्तरीय, सूचना र प्रविधिमा सबैको सहज पहुँच, निजीक्षेत्र संगको असल र सुमधुर सम्बन्ध, शुसासन र भ्रष्टाचार मुक्त समाज निर्माण, लोकतान्त्रिक विधि सहितको शासन पद्धति जस्तो सुचक सहितको पूर्वाधार तयार गर्नु हाम्रो लागि चुनौतिको विषय हो ।

यी सबै विषयहरु एकैपटकको प्रयास र योजनाले समाधान हुने विषय होइनन । त्यसैले खजुरा गाउँपालिकाले दिर्घकालीन, मध्यकालिन र आवधिक योजना निर्माण गरि अगाडि बढने नीति लिईएको छ । यसै आर्थिक बर्ष भित्र यस गाउँपालिकाको दिर्घकालीन योजना निर्माण सम्पन्न गरिने छ । यस अन्तर्गत नै रहेर बार्षिक, मध्यकालीन र आवधिक योजना निर्माण गरिने छ ।

हामी संघीयता अनुरुपको स्थानीय तह सरकारको नयाँ संरचना, प्रयोग र अध्ययनमा छौं । जनताका दैनिक क्रियाकलाप र त्यससंग जोडिने हरेक समस्याको समाधानको पहिलो गन्तव्य स्थानीय तह हुन भन्ने मान्यतालाई आत्मसात गर्दै वास्तविकतामा आधारित भएर समग्र खजुरा गाउँपालिकाका जनताको आर्थिक, सामाजिक, स्वास्थ्य, शैक्षिक, धार्मिक, सास्कृतिक, राजनीतिक विकासको लागि अग्रगामी सहयात्री बन्ने प्रण गर्दछु ।

अब म यस आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रमका आधार तथा औचित्यका बारेमा प्रकाश पार्न चाहन्छु । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन र स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन २०७४, संघ तथा प्रदेश सरकारको विभिन्न विषयगत बजेट अनुदानका आधारमा कार्यक्रम तर्जुमा गरिएको छ ।
संघीय शासन व्यवस्थामा नागरिकले देख्न भेट्न र सेवा लिन पाउने कुराको सुनिश्चित गरिएको हुन्छ । यहि मर्मलाई आत्मासाथ गरेर गाउँपालिका सरकार गाउँपालिकाका प्रिय जनतालाई शीघ्र सेवा, तीव्र विकास र गुणस्तरीय जीवनको प्रतिफल अनुभूत गराउने गरी यो नीति, कार्यक्रम र बजेट तर्जुमा गरिएको छ । हामी खजुरालाई समुन्नत र नमूना गाउँपालिका बनाउने अभियानमा लम्किरहेका छौं । यहि पृष्ठभूमिमा बजेट तर्जुमा गरिएको छ ।

संविधानले स्वायत्तता सहितको अधिकार स्थानीय तहलाई हस्तान्तरण गरेको बर्तमान अवस्थामा प्राप्त अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्ने गरी तथा निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिवद्धतालाई क्रमश कार्यान्वयन गर्दै जाने गरी गाँउपालिकाको नीति, कार्यक्रम तथा वजेट निर्माण गर्नुपर्ने बृहद दायित्व र जिम्मेबारीलाई हृदयगंम गर्दै चालु आर्थिक वर्ष २०७७/०७८ को लागि देहाय बमोजिम नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । साथै नीतिलाई गाउँपालिकाको मूल नीति र क्षेत्रगत नीति गरी देहाय बमोजिम उल्लेख गरेको छु ।

**मुलनीति**

१। संविधानले स्थानीय तहमा हस्तान्तरण गरेको स्थानीय तहको अधिकार सूची भित्र रही बार्षिक, मध्यकालिन र दिर्घकालिन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२। राष्ट्रिय योजना, प्रदेश योजना, संघीय सरकार र प्रदेश सरकारको बार्षिक वजेटको लक्ष्य तथा उद्धेश्य र नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेका प्रतिवद्धता समेतलाई मध्यनजर गरी गाउँपालिकाको योजना तथा कार्यक्रमहरु तयार गर्ने नीति लिइने छ ।

३। समावेशी र सहभागितामुलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा क्रियाकलापहरु छनौट र कार्यान्वयन गर्ने नीति लिइनेछ । योजना कार्यान्वयनमा जनताको प्रत्यक्ष र अधिकतम सहभागिता गराउने नीति लिइने छ ।

४। सुशासन, पारदर्शीता, जवाफदेहीता र उत्तरदायी शासन प्रणाली तथा भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइनेछ ।

५। स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइने छ ।

६। नागरिकलाई उद्यमशील र सीपयुक्त बनाइ रोजगारीको अधिकतम अवसर सिर्जना गरी गरिबि न्यूनीकरण गर्ने नीति लिइनेछ ।

७। सरकारी, निजी क्षेत्र र गैरसरकारी तथा सहकारी क्षेत्रको क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा काम गर्ने नीति लिइनेछ ।

८। गाँउपालिकाको हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९। सूचना तथा संचार प्रविधिको उपयोग मार्फत सेवा प्रवाह सहज र सरल बनाउन पालिकास्तरिय संचार नीति बनाई कार्यानवयन गरिने छ ।

१०। कोरना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणमा पश्चात आउने आर्थिक मन्दीलाई कम गर्ने नीति लिइने छ ।

११। बैदेशिक रोजगारबाट फिर्ता भएका रोजगार विहिन नागरिकलाई रोजगारी दिने खालका योजनाहरु तय गर्ने निति लिइने छ ।

१२। कृषिमा उत्पादक र उत्पाकत्व बढाउने,आत्मनिर्भर हुने कृषि बस्तु आयत कम निर्यात बढी गर्ने निति लिइने छ ।

१३। गाउँपालिकाले गरेका जनताका कार्यक्रम जनताका लागि जनताकै घरदैलोमा देख्न,सुन्न, हेर्न र अनुभव गर्ने कार्यक्रम ल्याइने छ ।

१४। गाउँपालिकाको सिफारिसमा उद्यम गर्ने युवाहरुलाई बैंक वित्तीय संस्था मार्फत रु.१० लाख सम्म विना धितो कर्जा उपलव्ध गराउन सक्ने व्यवस्था मिलाइने छ ।

गाउँसभाका सदस्यज्यूहरु, अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**क्षेत्रगत नीति तथा कार्यक्रमहरु**

**१,आर्थिक विकास :** कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तिय संस्था सम्बन्धि नीति तथा कार्यक्रमहरु

**कृषि तर्फ**

क) कृषिमा आधुनिकीकरण र व्यावसायिकरणका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

ख) मल सहुलियत रुपमा उपलब्ध हुने र विउ, कृषि सिंचाई विद्युत महशुलमा अनुदानका लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

ग) कृषिका लागि सिँचाइमा लगानी भन्ने मूल नारा सहित सम्पूर्ण कृषि योग्य भूमिमा आधुनिक सिँचाइ प्रणालीबाट सिचाई सुविधा पुग्ने गरी पूर्वाधार निर्माण गरिनेछ ।

घ) कृषि उपज विक्रिका लागि व्यवस्थित कृषि तथा हाट बजारको स्थापना र प्रर्वधन गरिने छ ।

ङ) कृषि बाली तथा पशु विमाका लागि कृषकहरुलाई अनुदान दिने र कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

च) कृषियोग्य जमिन चक्लाबन्दी गरी आधुनिक फार्महरूको विकास गर्नका लागि कृषकहरुलाई प्रोत्साहन गर्न सहुलियत तथा अनुदान उपलब्ध गराइने छ ।

छ) कृषि तथा भेटनरी प्राविधिकहरूले कृषि फार्म तथा कृषकको घरदैलो मै पुगेर सेवा दिने प्रबन्ध गरिने छ ।

ज) कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, भ्रमण लगायतका कार्यक्रम संचालन गरिने छन् ।

झ) अर्गानिक प्रवर्द्धनका लागि आइ.पि.एम. तरकारी खेतिलाई विशेष प्रोत्साहन गरिने छ ।

ञ) वास्तविक कृषकको हातमा अनुदान तथा कार्यक्रम पुर्‍याउनका लागि बलियो अनुगमन संयन्त्र बनाईने छ । विउँ बैंकको स्थापनामा जोड दिइने छ ।

ट) स्थानीय तहभित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्यांक संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजीकरण गर्ने । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था मिलाइने छ ।

ठ) कोरना भाइरस कोभिड-१९ विशेष कृषि कार्यक्रम संचालन गरिने छ ।

ड) गाउँपालिका स्तरीय कृषि प्रोफाइल (कृषि तथ्यांक) तयार गरि कार्यान्वयमा ल्याइने छ ।

ढ) प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना संचालनमा ल्याइने छ ।

ण) लागत साझेदारी बाखा पकेट कार्यक्रम र भैसी पकेट कार्यक्रम संचालनमा ल्याइने छ ।

त) मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमलाई अझ बढि प्रभावकारी ढंगले प्रयोग गरी गरिब विपन्न जनताको आर्थिक स्तर उकास्न कार्यका लागि प्राथमिक्ता साथ अगाडि बढाइने छ ।

**पर्यटन तर्फ**

क) कृषि तथा पशुपन्छी पर्यटन प्रर्वधनको नीति लिई स्थानिय तहमा रोजगार सृजना गर्न अनुदानका कार्यक्रमहरु ल्याईने छ ।

ख) गाउँपालिकामा भएका पुरातात्विक क्षेत्र संरक्षण र प्रर्वद्धन गरि पर्यटकहरु आकर्षक गर्ने कार्यक्रम ल्याइने छ । जसमा ताल तलैया संरक्षण गर्दै स्तरीय ताल निर्माण गरि पर्यटक आकर्षित गर्न डुङ्गा संचालन गर्ने व्यवस्था समेत मिलाइने छ ।

ग) वडा नं.२ सितापुरमा स्थित लाली गुराँस पर्यटनस्थलका लागि पूर्वाधार निर्माण गरिने छ ।

घ) पर्यटनका नयाँ क्षेत्रहरुको पहिचान गरी संचालनको लागि आवश्यक व्यवस्था गरिने छ ।

ङ) "अतिथि देवो भवः" भन्ने अवधारणलाई "होमस्टे" मार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिने छ ।

च) वडा नं.४  खजुरामा पर्यटकियस्थलको विकास गर्न प्रारम्भ गरिने छ ।

**उद्योग तर्फ**

क) गाउँपालिकामा दर्ता भई संचालनमा ल्याउन उद्योगहरुको दर्ता प्रक्रियालाई सरलीकृत गर्दै व्यवसायी अनुकुल वातावरण निर्माण गरिने छ ।

ख) सीपमूलक उद्योग मार्फत बेरोजगारहरूलाई उत्पादक सहकारीमा आबद्ध गरी स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रेरित गरिने छ साथै सरोकारवाला निकायहरुसंग समन्वय गरि त्यस्ता बेरोजगारहरुका लागि सीपमूलक तालिमको व्यवस्था गरि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगार प्राप्त गर्न सुनिश्चित गरिने छ ।

ग) बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक संकलन गरिने छ । प्रवासमा रहँदा आर्जन गरेको सीपलाइ प्रमाणीकरणको व्यवस्था गरी फर्किएर आएका श्रमिकलाई स्वदेशमै औद्योगिक व्यवसायमा लाग्न प्रेरित गरिनेछ ।

घ) सबै नागरिकलाई वित्तीय क्षेत्रमा पहुँच पुर्‍याउने कार्यक्रम ल्याइनेछ ।

ङ) गाउँपालिकाको अधिकारसूची भित्र रहेर सबै प्रकारका पेशा व्यवसायहरुलाई दर्ता गर्ने प्रक्रिया व्यवस्थित बनाई औद्योगिक तथ्याङ्क व्यवस्थित गरिने छ ।

च) असंगठित क्षेत्रमा रहेका मजदूरहरुको पंजिकरण गर्ने र श्रमिकको सम्मान गर्ने निति अनुरुप औद्योगिक मनोविकाशको कार्यान्जयन गरिने छ ।

छ) साना तथा मझौला उद्योगहरु संचालन र प्रवर्धनका लागी लगानीमैत्री वातावरणको श्रृजना गरिनेछ ।

ज) स्थानीय उद्योगहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

झ) केन्द्र सरकार तथा प्रदेश सरकारको एक पालिका एक औद्योगिक ग्रामको निति अनुरुप खजुरा गा.पा. वडा नं. ६ पुरैना स्थित नेपाल सरकारको नाममा रहेको जग्गा भित्र औद्योगिक ग्राम स्थापनाको विस्तृत प्रारम्भिक कार्य अगाडि बढाइने कार्यको सुरुआत भएको छ ।

ञ)  स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित बस्तुहरुको बजारिकणको सुनिश्चिचता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम बनाइने छ । लघु घरेलु तथा साना उद्योगी व्यवसायीहरुका लागि क्षमता अभिवृद्धि गर्न सरोकारवाला निकायसंग समन्वय गरिने छ ।

ट)  स्वच्छ मासु उत्पादन गर्नका लागि आधुनिक बधशाला निर्माण कार्यलाई अगाडि बढाइने छ ।

**सहकारी तर्फ**

क) गाउँपालिकाको समग्र अर्थतन्त्रमा एक अंगको रुपमा सहकारी हुने गरी नीति बनाईने छ ।

ख) सहकारीलाई वस्तु र सेवाको उत्पादन, वितरण र बजारीकरणलाई व्यवस्थित गरिने छ ।

ग) सहकारीहरुलाई उद्यमशीलता र रोजगारी प्रबर्द्धनका लागि साझेदार बनाउन पहल गरिने छ ।

घ) गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारीहरुको संचालन सम्बन्धि विस्तृत अध्ययन गरि प्रतिवेदन तयार गरिने छ ।

ङ) गरिबी निवारण कोषबाट प्रबर्द्धित सामुदायिक संस्थाहरुमा रहेको घुम्ती कोषलाई बीउ पुँजीको रुपमा प्रयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारी प्रणालीमा रुपान्तरण गरिने छ ।

च) सहकारी सिद्धान्त र मुल्य मान्यता संग तादात्मयता हुने गरी एकै प्रकारका उद्देश्य भएको सहकारीहरुको मर्ज गरी कार्यान्वयन गर्ने नीति लिइने छ ।

**२. सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खेलकुद,खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वधन, लैगिक समानता र सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशि, मुस्लिम, थारु, अल्पसंख्यक समदाय सम्बन्धि नीति तथा कार्यक्रमहरु

**शिक्षा तर्फ**

क) **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार : खजुरा गाउँपालिकाको सबृद्धिको आधार** भन्ने मुल नाराका साथ यस गाउँपालिकामा बसोबास गर्ने १५ देखि ५९ उमेर समूहका व्यक्तिहरुलाई साक्षर बनाई सबै व्यक्तिलाई शिक्षाको मूलधारमा ल्याइने छ ।

ख) सबै वालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निशुल्क आधारभूत शिक्षा सुनिश्चिता गर्ने र माध्यमिकतह सम्म निशुल्क गर्दै लगिने छ ।

ग) विद्यालय शिक्षाको शैक्षिक गुणस्तरमा प्रमुख भूमिका अभिभावकको नै हुनेहुदा शिक्षक, विद्यार्थी र अभिभावक संग निरन्तर छलफल गरि अभिभावक शिक्षा संचालन गरिने छ ।

घ) विद्यालय अनूगमनलाई प्राथमिक्ता दिई सबै जनप्रतिनिधिलाई आ-आफ्नो वडा भित्रको विद्यालयको सबै पक्षको अनुगमन गरि सुधारका कार्ययोजना बनाउन लगाई विद्यालयलाई चुस्त दुरुस्त र उत्तरदायी बनाउँदै लगिने छ ।

घ) विद्यालय शिक्षालाई निरीक्षण,सुपेरीवेक्षण,अनुगमन र मुल्याङ्कन गर्न स्थानीय स्तरबाट शिक्षा समिति,विषय विज्ञ,प्रधानाध्यापक र स्रोत शिक्षकको व्यबस्था गरि शैक्षिक गुणस्तर मापन गर्ने व्यवस्था गरिने छ ।

ङ) सबै विद्यालयका प्रधानाध्यापलाई विद्यालय सुधार कार्ययोजना गाउँपालिकामा पेश गर्न लगाउने र सो मुल्याङ्कन गरि र सबै पक्षको सूचकको विश्लेषण गरि विद्यालयलाई Grading गर्ने व्यवस्था गरिने छ ।

च) पञ्च वर्षिय गाँउ शिक्षा योजना निमार्ण गरि कार्यान्वयन गरिने छ ।

छ) सामूदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान नियमित गरी माध्यमिक र अधारभूत तहमा विद्यार्थी भएका विद्यालयमा शिक्षक नहुने र शिक्षक भएका विद्यालयमा विद्यार्थी नहुने परिपाटीलाई अन्त गर्ने साथै तहगत रुपमा स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकको व्यबस्थापन गरिने छ ।

ज) सबै विद्यालयको एकै किसिमको रंग लगाउन पहल गरिने छ ।

झ) विद्यार्थी संख्या र सेवा क्षेत्रको आधारमा विद्यालय मर्ज गरी कक्षा वा तह घटाउँदै लगिने छ ।

ञ) विद्यालयको परिसर, शौचालय, बाहिरी वातावरण र सरसफाई गर्न लगाउने व्यवस्था गरिने छ ।

ट) पढाई उत्सव र शैक्षिक प्रदर्शनी मेला र अतिरिक्त क्रियाकलाप र कक्षाकोठामा आधारित पठन सिप परिक्षण, स्तरमापन परीक्षा र Bench Marking लाई प्राथमिकता दिई पठन सिपको विकास गरिनेछ ।
ठ) प्राविधिकधार र नमूना विद्यालयलाई विषेश जोड दिदै एक वडा एक प्राविधिक शिक्षालयको अवधारणालाई मुर्तरुप दिने व्यवस्था गरिने छ ।
ड) विद्यालयलाई उपलब्ध गराउने विभिन्न अनुदान विद्यालयले सम्पन्न गरेको कार्य सम्पादनका आधारमा उपलब्ध गराउने व्यवस्था गरिने छ ।
ढ) **"जग बलियो भयो भने घर बलियो हुन्छ"** भन्ने कथनलाई मुर्तरुप दिन प्रारम्भिक बालविकासलाई पहिलो प्राथमिकता दिई शिक्षकहरुलाई बालविकास र मन्टेश्वरी तालिम संचालन,कक्षाकोठा व्यबस्थापनमा ध्यान दिई नमूना वालबिकास केन्द्र बनाउने, बालविकासको नकसांङ्कन गरी ब्यबस्थित गर्ने साथै प्रत्येक विद्यालयमा विद्यार्थी संख्याको आधारमा एक विद्यालय एक बालविकास कार्यक्रमलाई अगाढी बढाईने छ ।
ण) प्र.अ र विषयगत एवम् कक्षागत शिक्षकहरुसंग करार सम्झौता गरी सो अनुसार कामको मूल्यांकन गर्दै जाने साथै गत बर्ष गरिएको सम्झौताको समिक्षा गर्दै लगिने छ ।
त) विद्यालय व्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास गरिने छ ।
थ) मुस्लिम समुदायमा अझै पनि विद्यालय उमेर समूहका बालिका विद्यालय बाहिर रहेको र शिक्षाको मूलधारमा ल्याउन नसकिएकाले संविधानमा उल्लेखित शिक्षाको मौलिक हकलाई कार्यान्वयन गर्न एक मुस्लिम छात्रा मात्र अध्ययन गर्ने सामुदायिक विद्यालय स्थापना गर्दै लगिने छ ।
द) यस गाउँपालिकामा संचालित मदरसालाई शिक्षाको मूलधारमा ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ ।
ध) यस गाँउपालिकामा संचालित सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको पोशाकमा एकरुपता ल्याईने छ ।
न) प्रत्येक दिन शिक्षामा नयाँ शिक्षण सिकाई आयामको प्रादुर्भाव भै रहेको सन्दर्भमा प्रधानाध्यापक र विषयगत शिक्षकलाई शैक्षिक गुणस्तर बृद्धिमा नविन्तम चिन्तन जगाउन पेशागत क्षमता विकास तालिममा संचालन गरि उच्च स्तरीय जनशक्ति उत्पादन गरिने छ ।
प) दण्ड र पुस्कारको पाटोलाई संगसंगै लैजान उत्कृष्ट कार्य सम्पादन गर्ने प्रधानाध्यापक,शिक्षक र कर्मचारीलाई पुरस्काररप्रोत्साहन गर्दै जाने र आफ्नो कार्यसम्पादन सन्तोषजनक नगर्ने प्र.अ.,शिक्षक र कर्मचारीलाई नियमानुसार कार्वाही गर्ने व्यवस्था गरिने छ ।
फ) विद्यालयमा विद्यार्थीलाई टिकाउने,सिकाउने र विकाउने कार्यक्रमलाई प्राथमिकता दिई विद्यालयमा विद्यालयको वातावरण विद्यार्थीका लागि **बसूँ बसू, पढूँ पढूँ** जस्तो मनोरम बनाउन विभिन्न किसिमका कार्यक्रम संचालन गरिने छ ।
ब) संस्थागत विद्यालयमा न्यूनतम मापदण्ड अनुसार संचालन हुनु पर्ने, शुल्क निर्धारण, छात्रवृत्ति लगायत अन्य क्रियाकलाप संचालन गरे नगरेको एकिन गर्नुका साथै सामुदियक र संस्थागत विद्यालयको विचको असल अभ्यास आदानप्रदान कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गरिने छ ।
भ) कुनैपनि विद्यार्थीलाई जातजाति, भाषा धर्म,वर्ग विशेष वा लैंगिक वा शारीरिक हिसाबले विभेद नगरी सबै प्रकारले विभेदशून्य र बालमैत्री विद्यालयको रुपमा रुपान्तरण गरिने छ ।
म) उत्तीर्ण दर, कक्षा दोहोर्याउने दर, कक्षा छाड्ने दर, निश्चित तह पूरा गर्ने दर, खुद भर्ना दर, कोरा भर्ना दर, उपलब्धि स्तर जस्ता सूचकहरूका आधारमा प्रत्येक विद्यालयको आन्तरिक सक्षमता पहिचान र विश्लेषण गर्दै मौजुदा अवस्थाको आधारमा पछिल्ला वर्षहरूका लागि लक्ष्य निर्धारणकासाथ शैक्षिक उपलब्धि बढाउन बस्तुगत कार्यक्रम संचालन गरिने छ ।
य) कम्प्युटर, Internet Connectivity जस्ता सूचना तथा प्रविधिको माध्यमबाट शिक्षक, कर्मचारी र विद्यार्थीलाई त्यससँग सम्बन्धित आधारभूत ज्ञान, सीप प्राप्त गर्न अभिप्रेरित गर्दै शिक्षण सिकाइ क्रियाकलापमा ICT को प्रयोग गर्न अभिप्रेरित गरिने छ ।

र) स्काउट, बालक्लव, जुनिएर रेडक्रस सोसाइटी आदि गठन गरी विद्यार्थीमा सामाजिक र कामप्रति श्रद्धाको भावना विकास गराइने छ ।

ल) यस गाउँपालिकालाई Green City को अवधारणा लाई मुर्तरुप दिन सबै सामुदायिक विद्यालयमा **"एक विद्यालय एक बगैचा कार्यक्रम"** संचालन गरि हरित विद्यालय बनाई जैविक प्रयोगशालाको रुपमा विकास गरिने छ ।

व) अझै पनि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आशातीत् सुधार हुन नसकिरहेको परिप्रेक्ष्यमा सवै सरोकारवालाई जिम्मेवार बनाउन "सामुदायिक विद्यालयमा मेरो एक दिन" कार्यक्रम संचालन गरिने छ ।

स) विद्यालयको भौतिक संचना निर्माण,मर्मत संम्भार,सवलिकरण तथा व्यबस्थापन खर्च आवश्यक्ता अनुसार उपलब्ध गराइने छ ।

ष) विद्यालयले शैक्षिक गतिविधि सुधार गर्न कुनै न कुनै अभियान संचलन गरिने छ ।

श) विद्यालयको नाममा रहेका जग्गाहरु व्यवसायिक कृषि तथा अन्य व्यावसायिक प्रयोजनका लागि उपयोगमा ल्याउन आवश्यक पहल र सहकार्य गरिनेछ ।

ह) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनलाई विशेष जोड दिने निति अवलम्बन गरिनेछ ।

क्ष) एक विद्यालय एक बगैचाको अवधारण अगाडि सारिएको छ ।

त्र) ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पसलाई स्तानोकोत्तर कक्षा संचालनका लागि सम्बन्धित निकायमा पहल गरिने छ

ज्ञ) आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका समुदायका बालबालिकाहरुलाई छात्रबृति प्रदान गर्नका लागि कार्यक्रम संचालन गर्दै लगिने छ ।

अ) प्रदेश सरकारबाट घोषणा भएको प्रदेश स्तरीय विश्वविद्यालयलाई स्थापना र संचालन ल्याउन गाउँपालिकाबाट आवश्यक पर्ने सहयोग उपलव्ध गराइने छ ।

आ) आगामी आ.व. देखि बैकल्पीक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका २०७७ लाई टेकेर यस गा.पा.का सबै विद्यालयहरुमा विद्यार्थीको पहिचान र वर्गिकरण गरि प्रविधि मैत्री कक्षा संचालन गरिने छ ।

**स्वास्थ्य क्षेत्र**

क) **Healthy village** को अवधारणा अनुसार स्वच्छ खानेपानी, सुविधा सम्पन्न शौचालय लगायतका सुचकहरु तयार गरी लागु गरिनेछ ।

ख) प्राथमिक स्वास्थ्यकेन्द्र र स्वास्थ्य चौकिबाट दिइने सेवालाई आधुनिक र सेवाग्राही मैत्री बनाइने छ । आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नको लागि सक्षम प्रभावकारी एकीकृत र दिगो स्वास्थ्य सेवाप्रणालीको संस्थागत संरचनाको विकास र सुदृढीकरणमा जोड दिइने छ ।

ग) ७० बर्ष नाघेका जेष्ठ नागरिकका लागी प्रत्येक ६।६ महिनामा विशेषज्ञ डाक्टर सहितको निःशुल्क घुम्ती स्वास्थ्य शिविर संचालन कार्यलाई निरन्तरता दिईने छ । र ८४ वर्ष पुरा भएका अति जेष्ठ नागरिकहरुलाई घरदैलो स्वास्थ्य सेवा उपलव्ध गराइने छ ।

घ) मुटु, कलेजो, मृगौला, क्यान्सर जस्ता कडा रोग लागेका असहाय, विपन्न वर्गका लागी आर्थिक सहयोग र स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन पहल गरिनेछ ।

ङ) गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार सुनिश्चित गर्ने निति अनुसार स्वास्थ्य विमा कार्यक्रम लागु गर्न सम्वन्धित निकायहरुसंग पहल गरिनेछ ।

च) महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकालाई प्रभावकारी बनाउन पहल गरिने छ ।

छ) महिला तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रमहरु बनाई लागु गरिनेछ ।

ज) किशोर किशोरीहरुका लागि प्रजनन स्वास्थ्य, एच.आई.भी. एड्स रोग रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यकमहरु संचालन गरिनेछ ।

झ) खजुराको प्राथमिक स्वास्थ्य केन्द्र १५ शैयाको अस्पतालमा परिणत भई सकेको हुंदा पूर्णरुपमा संचालन ल्याउन पहल गरिनेछ ।

ञ) रक्त संकलन केन्द्र स्थापनाका लागि नेपाल रेडक्रश सोसाइटी बागेश्वरी उपशाखा लगायतका संस्थासंग समन्वय गरिनेछ ।

ट) स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि पुर्ण खोप सुनिश्चिततालाई निरन्तरता कायम राख्नका लागि कार्यक्रम संचालन गरिने छ ।

ठ) खजुरा गाउँपालिकामा सुचारु अवस्थामा रहेको क्यान्सर अस्पताललाई क्यान्सरका सर्म्पुण सेवाहरु सुचारु र व्यवस्थित ढङ्गले संचालन गर्नका लागि सम्बन्धित निकायमा आवस्यक पहल गरिने छ ।

ड) शुसिल कोइराला क्यान्सर अस्पतालमा स्थानिय जनताहरुलाई विशेष महत्व र सुविधाका साथ उपचार गर्ने वातावरण मिलाइने छ ।

ढ) गाउँपालिकामा आर्युवेद स्वास्थ्य केन्द्र स्थापनामा पहल गरिने छ ।

ण) स्वास्थ्यका लागि प्राकृतिक चिकित्सा विधिलाई अवलम्बन गर्दै लगिने व्यवस्था गरिने छ ।

त) स्वास्थ्यका लागि योग गरौ रोग भगाउँ भन्ने कार्यका लागि योग केन्द्र बनाई संचालन गरिने छ ।

थ) कोभिड-१९ महामारी न्यूनीकरणलाई उच्च प्राथमिक्ता दिई यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको व्यवस्था गर्दै गाउँपालिकाका भित्र आवश्यक औषधी एंव औषधिजन्य सामाग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरि माहामारीबाट जनतालाई सुरक्षित राखिने छ ।

द) कोभिड-१९ बाट जोगाउन आवश्यक्तानुसार क्वारेन्टाइन र आइशोलेनको व्यवस्था मिलाइने छ ।

ध) कोभिड-१९ जस्ता महामारी समयमै निराकरण गर्न दिर्घकालिन सोच र संरचनाको निर्माण गरिने छ ।

**खेलकुद तर्फ**

क) खजुरा गाउँपालिकाबाट विश्वस्तरीय प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न आवश्यक नीति बनाइने छ ।

ख) खजुरा गाउँपालिका भित्र दर्ता भएका क्लवहरुलाई खेलका सामाग्री सहयोग उपलब्ध गराउन पहल गरिनेछ ।

ग) गाउँपालिकाका वडाहरुमा खेलकुद प्रतियोगिता संचालन गर्न उत्प्रेरित गरिनेछ साथै खजुरा गाउँपालिका अर्न्तगत राष्ट्रिय,अर्न्तराट्रिय खेलाडीहरुलाई सम्मान गरिनेछ ।

ग) यस गाउँपालिका भित्र निर्माण भई रहेको वडा नं.४ स्थित प्रदेश स्तरीय मिनि फुटवल रंगशालालाई पूर्णता प्रदान गरिनेछ ।

घ) मेयर कप खेललाई निरन्तरता दिइनेछ ।

ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा गाउँपालिकाको तर्फबाट सहभागी तथा सहकार्य गरिने छ ।

च) राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा भाग लिन छनौट खेलाडीहरुलाई अन्तराष्ट्रिय स्तरको तालिममा सहयोग गरिने छ ।

छ) संघिय सरकारबाट वडा नं.२ सितापुरमा घोषणा भएको अन्तराष्ट्रिय स्तरकाको खेलकुद ग्राम (फुटवल,बहुउदेश्यिय कवर्डहल, पैडि पोखरी, जिम हल, भलिवल) निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

ज) संस्थागत तथा सामुदायिक विद्यालयहरुमा खेल शिक्षक राख्न पहल कदमी गरिने छ ।

**खानेपानी तथा सरसफाई**

क) स्वच्छ खानेपानी तथा सरसफाईमा जनसहभागितामा र जनचेतनामा जोड दिईने छ ।स्वच्छ खानेपानीको व्यवस्था गरी आर्सेनिक युक्त पानीको प्रयोगलाई निरुत्साहित गरिने छ ।

ख) धाराको पानीको आर्सेनिक चेक जाँच गरी सबै घरमा खानेपानीको अभाव हुन नदिने व्यवस्था मिलाइने छ ।

ग) गाउँपालिका भित्रका सबै बस्तीहरुमा स्वच्छ खानेपानी पुर्‍याउने नीति अनुरुप स्वच्छ खानेपानी नपुगेका वडाहरुमा क्रमिक रुपमा खानेपानी पुर्‍याउने कार्यक्रम ल्याईनेछ ।

घ) हाल संचालन भईरहेको खजुरा स्थित खानेपानीको निर्माणधिन फोरलाइन बाटोको दायाँ बायाँ पाइपलाईन विस्तार गर्ने र पूर्वाधार तयारी अवस्थामा भएका सीतापुर र राधापुर खानेपानीबाट आ.व. ०७७।०७८ बाटै स्वच्छ खानेपानी वडा नं.१ र २ मा खानेपानी वितरण गरिने व्यवस्था मिलाइने छ ।

ङ) स्वच्छ खानेपानीको व्यवस्था गर्न "वास" योजना मार्फत आवश्यक कार्य अगाडि बढाइने छ ।

**सस्कृति तर्फ**

क) गाउँपालिका भित्र प्रचलनमा रहेका सबै खाले चाडपर्व, भाषा, कला, संस्कृतिको संरक्षण सर्म्वद्धन गरिनेछ ।

ख) स्थानीय चाड, पर्व, मेला, परम्परा, भाषा, संस्कृतिको प्रवर्धन गरिनेछ । सोको लागि आवस्यक बजेट व्यवस्था गरिने छ

ग) सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गर्न अभियानहरु सञ्चालन गरिने छ ।

घ) गाउँपालिका भित्र रहेको मठ, मन्दिर, गुम्बा, मस्जित, चर्जहरुको अभिलेख राख्ने र तिनिहरुको संरक्षण गरिने छ ।

ङ) समायानुकुल साँस्कृतिक जागरणका कार्यक्रम संचालन गरिने छ ।

**लैगिक समानता तथा समावेशिकरण**

क) बिशेष राष्ट्रिय, अर्न्तराष्ट्रिय दिवश तथा पर्वहरु बिशेष कार्यक्रमका साथ मनाईनेछ ।

ख) लक्षित वर्गका लागि वजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ग) महिलाहरुका लागि सिपमूलक, स्वरोजगार तथा आयमुलक तालिम संचालन गरी व्यवसाय संचालनका लागि विउपूँजी उपलब्ध गराईनेछ ।

घ) हिंसापिडित महिला तथा बालबालिकाहरुको उचित व्यवस्थापनका लागि राहत कोषको स्थापना गरिने छ ।

ङ) बालक्लवहरु गठन, पुर्नगठन र सवलीकरण गरी उनिहरुको भूमिकालाई बालमैत्री अभियानमा प्रभावकारी बनाइनेछ ।

च) ज्येष्ठ नागरिकहरु समाजका गहना भएकाले सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

छ) ६० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

ज) लैगिंक समतामूलक नीति, ज्येष्ठ नागरिक संरक्षण नीति, अपांगता सम्वन्धि नीति, बाल अधिकार र संरक्षण नीति बनाइ कार्यान्वयन गरिने छ ।

झ) गाउँपालिकाका वडाहरु क्रमशः बालमैत्री वडा घोषणा गर्नका लागि पुरा गर्नु पर्ने सुचक तथा खुटकिलाहरु पार गर्न आवस्यक कार्यक्रम संचालन गरिने छ ।

ञ) बालमेला आयोजना गरी गाउँपालिका स्तरिय बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार, सहभागिताको अधिकारको सुनिश्चता गर्न पहल गरिनेछ ।

ट) जेष्ठ नागरिकहरुलाई भलाकुसारी गर्ने एक दिवा सेवा केन्द्रको स्थापना गरिनेछ ।

ठ) पुर्वाधार विकास सगै सगै नागरिकमा चेतना स्तर बृद्धि गर्दै लगिने छ ।

ड) गाउँपालिकालाई महिला मैत्री र बालमैत्री स्थानीय शासनयुक्त बनाउन आवश्यक पहल गरिने छ ।

**न्याय क्षेत्र तर्फ**

क) न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास गरी न्यायिक निरुपणको कार्यलाई अझै प्रभावकारी बनाईने छ ।

ख) मेलमिलाप संयोजकहरुको लागि पारितोषिक र क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।

ग) शान्त र विवादमुक्त समाज निर्माणका लागि वर्तमान कानूनका प्रावधानहरुका सम्बन्धमा प्रत्येक वडाहरुमा कानूनी सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

घ) मेलमिलाप केन्द्रहरुको भौतिक क्षमताको विकास गरिने छ ।

ङ) न्यायिक समितिो लागि आवश्यक जनशक्तिको व्यवस्था गरी न्यायिक समितिको कार्यलाई व्यवस्थित गरिने छ ।

**३,पुर्वाधार विकास** : सडक तथा पुल, सिचाई तथा शहरी विकास, लघु तथा साना जलविघुत, संचार सम्बन्धि नीति तथा कार्यक्रमहरु

क) सडक लगायतका पूर्वाधार विकासमा बातावरणमैत्री र गुणस्तरीय पूर्वाधार विकासमा जोड दिइनेछ ।

ख) सडक, सिंचाई, ढल निकास, विद्युतीकरण योजनामा जनताको लागत सहभागीता अनिवार्य गर्ने कार्यक्रम अवलम्वन गरिनेछ ।

ग) गाउँपालिका भित्रका सडकहरुको क्रमिकरुपमा स्तरउन्नती गर्दै लगिने छ । सडकको दायाबाँया पक्की नाली बनाइने छ ।

घ) विद्युतीकरण नभएका बस्ती तथा वडामा विद्युत सेवा विस्तारलाई प्राथमिकता दिइनेछ ।

ङ) नमुना बस्ति निर्माणका लागि एकिकृत ग्रामिण वस्ति विकास योजना बारे सम्भाव्यता अध्ययन गरि कार्य शुरु गर्न पहल गरिनेछ साथै बस्ति व्यवस्थापनका लागि आवश्यक प्रकृया अघि बढाई जनताको बसोबासको सुनिश्चितता गरिनेछ ।

च) साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्न सक्ने गरी कम्तीमा ६ मिटर हुने गरी गाउँपालिकाले बाटो विस्तार गरिने र नयाँ बाटाहरु मापदण्ड अनुसार निर्माण गरिने छ ।

छ) मनमोहन पार्क, खजुरा चिल्ड्रेन पार्कको निर्माण र सौन्दर्यकरण गरिनेछ ।

ज) पुराना सिँचाइ प्रणालीलाई मर्मत संभार तथा पुनर्निर्माण गरी संचालन गरिनेछ ।

झ) गाउँपालिकाका सबै ताल तलैया, पोखरी र पानीका स्रोतहरूको संरक्षण गरिनेछ ।

ञ) यस गाउँपालिका क्षेत्रमा प्रयोग विहिन अवस्थामा रहेको कपास विकास समितिको भौतिक पूर्वाधार सम्पतिको संरक्षण गरि उद्योग संचालन गर्न सम्भाव्यता अध्ययन गर्ने र जनक शिक्षा सामग्री लिमिटेडको छापाखाना संचालन र प्रवर्धनका लागी पहल गरिनेछ ।
ट) गाउँपालिकामा आवश्यक रहेको पुल पुलेसासंघ तथा प्रदेश सरकार मार्फत निर्माण गर्न पहल गरिने छ ।
ठ) हरेक वर्ष १८ किलो मिटरबाटो कालोपत्रे गर्दै लगिने कार्यलाई निरन्तरता दिइने छ ।
ड) खजुरा गाउँपालिका क्षेत्रभित्र पर्ने ठूला आयोजनाहरुका लागि प्रारम्भिक अध्ययन र परियोजना निर्माणको लागि प्रोजेक्ट बैंक बनाउने नीति लिइने छ ।
ढ) सुविधा सम्पन्न सभागृह निर्माण कार्य द्धुतरुपमा संचालनमा ल्याइनेछ ।
ण) खजुरा कपास विकास समिति देखि धनौलि चौकी सम्मको पहिलो चरणको चार लाईन बाटोलाई खजुरा सिमा क्षेत्र मानखोलासम्म पुऱ्याउन सम्बन्धित निकायमा पहल गरिने छ ।
त) सडक निर्माण पछि सम्बन्धित समुदायलाई हस्तान्तरण गर्ने प्रक्रियाको शुरुवात गरिने छ ।
थ) तराई मधेस सबृद्धि कार्यक्रम अर्न्तगत विपन्न परिवारका लागि सामुहिक आवासको कार्यक्रम संचालन गरिने छ ।
द) वडा नं.७ लुन्द्री स्थित झलुंगे पुल निर्माण कार्य अगाडि बढाइने छ ।
ध) खजुरा धनौली देखि कपास विकास समिति सम्म निर्माणाधिन चार लाइन सडकको दाया वायाँ खानेपानीको पाइपलाइन विस्तार गरिने छ ।
न) खजुरामा निर्माण हुँदै गरेको फोरलाइन बाटोको कार्यलाई तिव्रता प्रदान गर्न सम्बन्धीत निकायमा पहल गरिने छ ।
प) परसपुर गौघाट सडकलाई संघिय सरकारबाट छिटो भन्दा छिटो निर्माणका लागि पहल गरिने छ ।

## ४.वन, वातावरण तथा विपद व्यवस्थापन :

क) गाउँपालिकाको विपद् जोखिम नक्सांकन गरि यसैका आधारमा विपद् जोखिम न्यूनिकरण योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
ख) विपद् तथा जोखिममा परेकाको तत्काल राहत र उद्दार गर्नका लागि विपद् व्यवस्थापन कोषको प्रयाप्त बजेट विनियोजन गरिने छ ।
ग) सामुदायिक वनहरुलाई प्रवर्द्धन गरिने नीति लिइने छ । नयाँ सामुदायिक वन स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।
घ) प्लाष्टिक मुक्त खजुरा अभियान संचालन गरिने छ । प्लाष्टिक रहित खजुरा कार्यान्वयन गर्ने गरी कार्ययोजना निर्माण गरिने छ ।
ङ) गाउँपालिकाको बातावरणलाई स्वच्छ, सफा, हराभरा र फोहरमैला रहीत बनाउन टोल विकास संस्थालाई परिचालन गरिने छ ।
च) घरलाई धुँवारहित बनाउने र बाह्य प्रदुषण नियन्त्रणका लागि उद्योग कलकारखानाबाट उत्पादन हुने हानिकारक धुँवा, धुलो र रसायनको उचित व्यवस्थापनका लागि मापदण्ड निर्धारण गरी कार्यान्वयन गराइने छ ।
छ) ताल तलैया, खोला नालामा विष, विद्युतीय यन्त्र प्रयोग गरी माछा मार्न पुर्णत प्रतिवन्ध लगाइने छ ।
ज) एक घर दुई विरुवा तथा खाली प्रति जग्गाहरुमा बृक्षारोपण लाई प्राथमिकता दिईनेछ ।

झ) सार्वजनिक महत्वका सम्पदाहरु, खुल्ला क्षेत्र, पार्क, ताल तलैया, पोखरी, मनोरन्जनस्थल, पिकनिक स्थल संरक्षण गरि थप निर्माणका आवश्यक पहल गरिनेछ ।

ञ) खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भैसके पश्चात् यस अभियानलाई निरन्तर रुपमा संचालन गरि गाउँपालिकालाई **पुर्ण सरसफाई युक्त गाउँपालिका** बनाउन कार्यक्रम संचालनमा बिशेष ध्यान दिईनेछ ।

ट) नदी कटान तथा भु-क्षयलाई रोक्न जैविक प्रविधिमा आधारित क्रियाकलापहरुलाई प्रोत्साहन गरिनेछ ।

ठ) सम्पूर्ण सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवनलाई निषेध कार्यलाई सशक्त कार्यान्वयन गरिने छ ।

**५) शुसासन तथा संस्थागत विकासका क्षेत्र**

(सुशासन, पारदर्शिता, जवाफदेहीता र गुणस्तरीय सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रमहरु)

क) गाउँपालिकाले प्रत्येक वर्ष संचालन गर्ने योजना तर्जुमा र कार्यान्वयनमा अधिक्तम जनताको प्रत्यक्ष सहभागिता गराउने नीति लिइने छ ।

ख) सबै वडा कार्यालयहरु, गाउँपालिका तथा शाखाहरुमा डिजिटल प्रविधिको नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।

ग) स्वीकृत नीति, कार्यक्रम तथा योजनाहरु र बैठकका निर्णयहरु संचार माध्यमबाट सार्वजनिक गरिनेछ ।

घ) नागरिक सन्तुष्टि सर्वेक्षणको शुरुवात गरिने नीति लिईनेछ ।

ङ) योजनाहरुको सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण गरेर मात्र भुक्तानी गर्ने नीति लिइनेछ ।

च) कार्यालयले गरेका काम र सेवा प्रवाहको बारेमा यस अघि गर्दै आइरहेका चौमासिक सार्वजनिक सुनुवाईलाई निरन्तरता दिइनेछ ।

छ) सूचकका आधारमा अनुगमन गर्ने गरी नतिजामुलक अनुगमन पद्धतिको विकास गरिनेछ ।

ज) सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र प्रतिस्पर्धी बनाइनेछ ।

झ) स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको प्रयोग गर्ने नीति लिइनेछ ।

ञ) गाउँपालिकामा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यहरु तथा सेवाको लागि मात्र परामर्श तथा विज्ञ सेवा लिने नीति लिइनेछ ।

ट) सुचना र संचारको सन्जाल तथा नेटवर्क मार्फत गाउँपालिकाका सुचनाहरुलाई सबैको पहुँचमा पुर्‍याउने नीति लिइनेछ ।

ठ) ई-गर्भनेन्स अवधारणा बमोजिम कार्यालयको कामलाई कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिने छ । साथै कार्यालयको काममा कम्प्यूटरको प्रयोगमा जोड दिइनेछ ।

ड) सेवाग्राहिको कामलाई छिटो छरितो बनाउन नागरिक सहायता कक्षलाई व्यवस्थित गरिने छ ।

ढ) कार्यालय भित्रको आन्तरिक समन्वय र संचारलाई तथा समय पालना र नियमितालाई सुदृढ बनाउन जोड दिइनेछ ।

ण) कार्यालय एंव वडा कार्यालयहरुका कर्मचारीहरुलाई सुचना प्रविधी सम्बन्धी आवश्यक पर्ने तालिम उपलव्ध गराइनेछ ।

त) विशेष राष्ट्रिय अन्तराष्टिय दिवस तथा पर्वहरु विशेष कार्यक्रमका साथ मनाइनेछ ।

थ) कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्था गरि कार्यान्वयन गरिने छ ।

**६) तत्थ्याङ्क तथा अभिलेख व्यवस्थापना र योजना तर्जुमा सम्बन्धी नीति**

क) गाउँपालिकाको यथार्थ अवस्था झल्कने सूचना प्रविधिमा आधारित प्रोफाइल (Village Profile) भित्र रही कार्यक्रम कार्यान्वय गरिने छ ।

ख) सामाजिक सुरक्षा भत्ता तथा बाल पोषण भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लगतलाई अनलाइन कम्प्यूटराइज्ड प्रणाली मार्फत अद्यावधिक गरिनेछ ।

ग) गाँउपालिका भित्र क्रियाशिल सरकारी, गैरसरकारी, वित्तीय, सामाजिक, धार्मिक संस्थाहरुको अभिलेख राखिनेछ ।

ङ) कार्यालयबाट सम्पादित कार्यहरुको अभिलेखलाई कम्प्यूटर प्रणालीमा राख्ने पद्धतिको विकास गरिनेछ । र लेखा तथा व्यक्तिगत घटना दर्तालाई प्रत्येक वडा कार्यालयमा कम्प्यूटराइज्ड प्रणालीमा आवद्ध गरिनेछ ।

च) आर्थिक तथा अन्य क्षेत्रको अवसर, समस्या र चुनौती र समाधानका उपायहरुको पहिचानको लागि अध्ययन गरी तथ्य र सूचनामा आधारित नीति निर्माण र योजन तर्जुमा गरिनेछ ।

**७) संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम :**

क) गाउँपालिका कार्यालयको सुविधा सम्पन्न भवन केन्द्र तोकिएकै स्थानमा यसै वर्षदेखि शुरु गरिने छ ।

ख) वडाकार्यालय भवन नभएको स्थानमा कार्यालय भवन निर्माण गर्दै सबै वडा कार्यालयहरुलाई सुविधा सम्पन्न र सेवाग्राही मैत्री बनाइनेछ ।

ग) गाउँपालिकाको संगठन संरचना र व्यवस्थापन (O&M) का बारेमा अध्ययन गरी नयाँ संगठन संरचना लागु गर्न गृहकार्य गरिनेछ ।

घ) कर्मचारीहरुलाई काममा उत्साहित पार्न स्थानिय सरकारबाट थप सुविधा प्रदान गरिने छ ।

ङ) जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।

## राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

क) राजस्व क्षेत्रको सुधारका लागि राजस्व परामर्श समितिसंगको परामर्शमा करका दरहरुलाई बैज्ञानिक बनाउने नीति लिइनेछ ।

ख) कर तथा राजश्वका सम्बन्धमा कर सम्भाव्यता अध्ययन कार्य गरि सकिएकोले करका दरहरुलाई समसायिक र दायरालाई फराकिलो बनाइ सबैलाई करको दायरामा समेटने नीति लिइनेछ ।

ग) कर प्रणालीलाई स्वस्छ र पारदर्शी बनाउदै स्वेच्छिक कर बुझाउने परिपाटिको विकास गरिने छ ।

घ) आर्थिक हरहिसाबलाई दोहोरो लेखा प्रणाली अनुरुप यथार्थपरक लेखा व्यवस्थापन गरिने छ ।

ङ) नतीजामा आधारित खर्च व्यवस्थापन तथा वजेट पद्दतीको विकास गरिने छ ।

च) कर शिक्षा अभियान तथा राजस्व प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

छ) कर राजस्व सम्बन्धि स्पष्ट कानून, नीति, कार्यविधी बनाई र संस्थागत संरचनाका प्रर्वधन गरिने छ ।

ज) सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई प्रत्येक वर्ष सम्मान गर्ने नीति लिइनेछ ।

झ) वडाबाट उठेको राजश्वको अनुपातमा रकम थप गरि सम्बन्धीत वडाकै विकास योजनामा रकम पठाइने निति लिइनेछ ।

अन्त्यमा, आ.व. ०७७०७८ को नीति कार्यक्रम र बजेटको कार्यान्वयन एंव खजुरा गाउँपालिका भित्र बसोबास गर्ने स्थानिय जनताका तर्फबाट प्राप्त सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नीति तथा कार्यक्रममा हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहाना पुरा गर्ने गरि आवधिक योजनाबाट

निर्देशित छ । योजना तयार गर्ने क्रममा विषयगत समितिका संयोजकहरुले दिनु भएको सुझाव,गाउँ सभाका सदस्यहरु, राजनीतिक दलहरु, सहकारी निकाय, निजी क्षेत्र, सरकारी क्षेत्र नागरिक समाज लगायत सबै सरोकारवालाहरुको सक्रिय सहभागिता र  प्रमुख प्रशासकिय अधिकृत, योजना अधिकृत, लेखा अधिकृत लगायत गाउँपालिका विज्ञ ,गाउँपालिकाका कर्मचारीहरुको प्रत्यक्ष संलग्नतामा रहि बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भएको निति तथा कार्यक्रम यस सभामा प्रस्तुत गरेको छु सम्पूर्ण जनप्रतिनिधि,राष्टसेवक कर्मचारीहरु र सरोकारवाला सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसै गरि यस निति तथा कार्यक्रम कार्यान्वय गर्ने क्रममा सबैको सक्रिय सहयोग एंव सहभागिता रहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद

मिति २०७७।३।१०